# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, भदौ १८ गते, २०८३ साल (सङ्ख्या ०८

## भाग २

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**प्रदेश विपद् व्यवस्थापन(तेस्रो संशोधन) नियमावली, २०८३**

प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४७क. ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम “प्रदेश विपद् व्यवस्थापन (तेस्रो संशोधन) नियमावली, २०८३” रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ को नियम ३ मा संशोधनः</u>** प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ (यसपछि मूल नियमावली भनिएको) को नियम ३ को उपनियम (२) को खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छः-

"(झ१) जल तथा मौसम विज्ञान कार्यालय, पोखराका प्रमुख - सदस्य"

३. **<u>मूल नियमावलीको नियम ६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ६ को उपनियम (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"घ) प्रदेश सरकारका मन्त्रालयका सचिवहरू - सदस्य"

४. **<u>मूल नियमावलीको नियम १२ मा संशोधनः</u>** मूल नियमावलीको नियम १२ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (ग) मा रहेका "निजको परिवारलाई" भन्ने शव्द पछि "वा मृतकको अन्तिम संस्कार वा काजकिरिया गर्ने व्यक्तिलाई" भन्ने शब्दहरू थपिएका छन्।

(ख) खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छः-

"(ट) विपद् उद्धारको क्रममा खटिएका सुरक्षाकर्मी लगायत उद्धारकर्ताहरूको सामूहिक बिमा गर्न।"

(२) उपनियम (१क) को सट्टा देहायको उपनियम (१क) राखिएको छः-

"(१क) उपनियम (१) बमोजिमको कार्य गर्न आवश्यकताका आधारमा कार्यकारी समितिको निर्णयानुसार समिति आफैं वा जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिमा रकम प्रदान गर्न सकिनेछ। यसरी प्रदान भएको रकम गण्डकी प्रदेश सरकारको प्रचलित बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि बमोजिम खर्च गर्नु पर्नेछ।"

(३) उपनियम (१ग) को सट्टा देहायको उपनियम (१ग) राखिएको छः-

"(१ग) उपनियम (१क) बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिमा प्रदान गरिने रकमको सीमा प्रति योजना/कार्यक्रमका लागि अधिकतम पच्चीस लाखसम्म हुनेछ।"

(४) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) प्रदेश सरकारले प्रदेश कोषमा कम्तीमा दश करोड रूपैयाँ मौज्दात रहने व्यवस्था गर्नेछ। प्रदेश कोषको रकम दश करोड रूपैयाँभन्दा कम हुने गरी खर्च भएमा प्रदेश सरकारले तत्काल शोधभर्ना गर्नेछ। साथै गण्डकी प्रदेशका प्रत्येक जिल्ला विपद् व्यवस्थापन कोषमा प्रदेश सरकारले दश लाख रूपैयाँमा नघट्ने गरी कोषको व्यवस्था गर्नेछ।"

५. **मूल नियमावलीको नियम १४ मा संशोधनः** मूल नियमावलीको नियम १४ को,

(१) उपनियम (३) को,-

(क) खण्ड (क) मा रहेका "पचास हजार" भन्ने शव्दहरूको सट्टा "एक लाख" भन्ने शव्दहरू राखिएका छन्।

(ख) खण्ड (ख) मा रहेका "पचास हजार" भन्ने शव्दहरूको सट्टा "एक लाख" भन्ने शव्दहरू राखिएका छन्।

(ग) खण्ड (च) पछि देहायको खण्ड (छ) राखिएको छः-

"(छ) विपद्को घटनामा परी मृत्यु भएको व्यक्तिको काज किरिया वा अन्तिम संस्कारका लागि मृतकको परिवार वा अन्तिम संस्कार वा काज किरिया गर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँ ।"

(२) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छः-

"(५) विपद्मा परी परिवारका सबै सदस्यहरूको मृत्यु भएमा खण्ड (छ) बमोजिमको रकमबाहेक यस नियम बमोजिमको अन्य सुविधा उपलब्ध गराइने छैन।"

आज्ञाले,
तीर्थराज चिलुवाल
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.२५।-